का.जि.प्र.का.द.नं. १००/०५९/६०
❑ वर्ष १९, अंक १७७
❑ २८ साउन २०७८, बिहीबार
❑ 12 August 2021, Thursday
www.madhyanhadaily.com
पृष्ठ ८ मूल्य रु. ५/-
मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

# रोकिएन एमालेमा पहिरो

## ■ प्रधानमन्त्री र दुई मुख्यमन्त्री पदमुक्त, दुई प्रदेशमा अवसर गुम्यो, बाँकीमा संकट

प्रधानमन्त्री र दुई मुख्यमन्त्री गुमाइसकेको नेकपा एमालेले दुई प्रदेशमा सरकार बनाउने अवसर गुमाएको थियो । अझै पनि एमालेको संकट र क्षति रोकिने संकेत देखिदैन ।





राष्ट्रियसभा, प्रतिनिधिसभा र सात मध्ये ६ प्रदेश (प्रदेश-२ बाहेक) को सबैभन्दा ठूलो दल नेकपा एमाले सबैतिर प्रमुख विपक्षी दल बन्दै गएका छन् । लुम्बिनीका मुख्यमन्त्री शंकर पोखरेल पदमुक्त भएपछि अब प्रदेश १ र बागमतीमा मात्रै एमाले सरकार कायम छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २७ साउन ।

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ पछि लुम्बिनी प्रदेशका मुख्यमन्त्री शंकर पोखरेल पदमुक्त भएका छन् । पोखरेलले दिएको राजीनामा स्वीकृत भएपछि प्रदेश प्रमुख अमिक शेरचनले नयाँ सरकार गठनका लागि आह्वान गरेका छन् । शेरचनले २२ घण्टाको समय दिएर नयाँ सरकार बनाउन आह्वान गरेका हुन् ।

मुख्यमन्त्री पोखरेलले राजीनामा दिएपछि संविधानको धारा १६८ को उपधारा २ बमोजिम गठबन्धन सरकारका लागि आह्वान गरिएको छ । प्रदेश कार्यालयले साउन २८ गते दिउँसो ३ बजेभित्र दावी पेश गर्न आह्वान गरिएको प्रदेश प्रमुख कार्यालयका प्रवक्ता चिरञ्जीवी पौडेलले बताए । अर्को सरकार नबनेसम्म मौजुदा मन्त्रिपरिषद्ले काम गर्ने पनि प्रदेश प्रमुखको कार्यालयबाट जारी बक्तव्यमा उल्लेख छ ।

पोखरेल गएको १९ वैशाखमा मुख्यमन्त्री नियुक्त भएका थिए । अविश्वासको प्रस्ताव आएलगत्तै राजीनामा दिएका मुख्यमन्त्री पोखरेलले फेरि त्यसैदिन नियुक्त भएका थिए । विपक्षी गठबन्धनले बहुमत प्रदेशसभा सदस्यहरु आफ्नो पक्षमा रहेको दावी गरेपनि तत्कालीन प्रदेश प्रमुख धर्मनाथ यादवले मुख्यमन्त्रीकै कार्यालयमा गएर नेकपा एमालेको लेटरप्याडमा नियुक्ति दिएका थिए ।

त्यसबेला पोखरेललाई संविधानको धारा १६८ (१) अनुसार मुख्यमन्त्री नियुक्त गरिएको थियो । मुख्यमन्त्री पोखरेललाई जनता समाजवादी पार्टी (जसपा) का चार सांसदले समर्थन गरेको दावी गरिएको थियो । तर चारै जनालाई मुख्यमन्त्री पोखरेलले त्यसअघि नै सरकारमा सहभागी गराएका थिए । तर एमालेका अध्यक्ष केपी शर्मा ओली पदमुक्त भएर नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि लुम्बिनीको समीकरण पनि बदलिएको छ ।

लुम्बिनीमा एमालेकै दुई सांसदले राजीनामा नै दिएका छन् भने उपनिर्वाचनबाट निर्वाचित बिमला वलीले माओवादी केन्द्र रोजेकी छन् । यो बीचमा वलीले मुख्यमन्त्री पोखरेललाई आफूलाई बन्धक बनाएको आरोप समेत लगाएका थिए । वली फेरि माओवादी केन्द्रमै रहेको दावी गरेको, जसपाका तीन सांसद पदमुक्त भएको, एक सांसदले फेरि जसपा नै रोजेपछि विपक्षी गठबन्धनले अविश्वासको प्रस्ताव ल्याएका थिए ।

उक्त अविश्वासको प्रस्ताव आएपछि मुख्यमन्त्री पोखरेलले राजीनामा दिएका थिए । उनको राजीनामा र विपक्षी दलहरु नेपाली काँग्रेस, माओवादी केन्द्र र जसपा गठबन्धनको बहुमत पुग्ने भएकाले आजै लुम्बिनीमा नयाँ सरकार बन्नेछ ।

अर्थात् अनेक तिकडम र प्रयत्नका बाबजुत पनि एमालेमा आशाले हेरिने नेता शंकर पोखरेल पदमुक्त भएका छन् । उनी पाँच वर्षका लागि मुख्यमन्त्री नियुक्त भएका थिए । ८७ सदस्यीय प्रदेशसभामा एमाले एक्लैको ४१ सांसद थियो । सरकार बनाउन ४४ सांसद आवश्यक पर्थ्यो । तर अब प्रदेशसभाको सवैभन्दा ठूलो दल विपक्षी बेञ्चमा पुगेको छ भने गठबन्धनको सरकारले बाँकी कार्यकाल चलाउने भएको छ ।

यस्तो परिणाम आउनुको कारण भने तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को विवाद र पछि पुनर्स्थापित एमालेभित्रको विवाद बाँकी पृष्ठ २ मा

# प्राधिकरणमा फेरि कुलमान

मुलुकलाई लोडसेडिङ मुक्त गरेको र नेपाल विद्युत प्राधिकरणलाई नाफामा लगेको जसका कारण लोकप्रिय बन्न पुगेका कुलमान घिसिङ पुनः कार्यकारी निर्देशक नियुक्त भएका छन् ।



**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २७ साउन ।

दैनिक १८ घण्टासम्म लोडसेडिङ भइरहँदा नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक बनेका कुलमान घिसिङ पुनः नियुक्त भएका छन् । नेपाली काँग्रेस नेतृत्वको गठबन्धन सरकारले कुलमानलाई दोस्रो कार्यकालका लागि कार्यकारी निर्देशक नियुक्त गरेको हो ।

सोमबारको मन्त्रिपरिषद् बैठकले कुलमानलाई कार्यकारी निर्देशक नियुक्त गर्ने निर्णय गरेको थियो । त्यही निर्णयअनुसार, कुलमान बुधबार नियुक्त भएका छन् । उर्जामन्त्री पम्फा भुसालको उपस्थितिमा नियुक्तिपत्र बुझेका कुलमानले बुधबार नै पदभार ग्रहण गरे ।

पदभार ग्रहण पछि घिसिङले अघिल्लो कार्यकालमा लोडसेडिङको अन्त्य, घाटाका गएको संस्थालाई नाफामा लगेर नयाँ अध्याय शुरु गरेको सम्झिए । "यस पटक त्यतिबेलाको भन्दा ठूला र विशाल चुनौती छन् । त्यसलाई स्वीकार गरेर आएको छु । मेरो एक्लो प्रयासले मात्रै केही हुँदैन । हामी सबै मिलेर काम गरौं । देश, जनता र राष्ट्रका अपेक्षा पूरा गर्न सकिन्छ", उनको भनाइ थियो ।

कुलमान पहिलोपटक पनि नेपाली काँग्रेस र माओवादी केन्द्र गठबन्धन सरकारकै पालामा नियुक्त भएका थिए । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले कुलमानलाई २०७३ भदौ ३० मा कार्यकारी निर्देशक नियुक्त गरेका थिए । कुलमानले जिम्मेवारी लिएको दुई महिनाभित्रै लोडसेडिङमुक्त अभियान थाले । २०७३ को तिहारको अवसर पारेर उनले राजधानी उपत्यकामा लोडसेडिङ नहुने घोषणा गरेका थिए । तर उनको घोषणा पत्याउने अवस्था थिएन । किनकि मुलुकले १८ घण्टासम्म लोडसेडिङको मार खेपिरहेको थियो ।

तर उनले थालेको अभियान सार्थक भयो । चार वर्ष प्राधिकरणमा बस्दा कुलमानले लोडसेडिङ मात्रै हटाएनन्, प्राधिकरण नाफामा गयो । गत वर्ष उनी पदमुक्त भएका थिए । पदावधि सकिएर बाहिरिदै गर्दा पनि कुलमानलाई दोहोऱ्याउन ठूलो जनदबाव थियो । तर तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले कुलमानलाई नियुक्त गरेनन् । उनले अवकाश पाए ।

तर गएको असार २९ मा ओली नै प्रधानमन्त्रीबाट पदमुक्तः भए । यसपछि बनेको गठबन्धन सरकारले भने फेरि तिनै कुलमानलाई कार्यकारी निर्देशकमा नियुक्त गरेको छ ।

साविकको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सरकारले जनदबाव बिपरीत उनलाई निरन्तरता नदिए पनि फेरि प्राधिकरणमा प्रवेश पाएका कुलमान नियुक्तिको भने संयोग देखिन्छ । तत्कालीन गठबन्धन सरकार जस्तै, यतिबेला पनि कांग्रेस, माओवादी केन्द्र लगायत दलहरुको संयुक्त सरकारले घिसिङलाई पुनः नियुक्ति गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले घिसिङलाई चार वर्षका लागि कार्यकारी निर्देशकमा नियुक्त गरेको हो ।

कुलमान नियुक्त गर्दा बहालवाला कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई भने जल तथा ऊर्जा आयोगमा विशिष्ठ श्रेणी बराबरको सुविधा उपलब्ध गराउने गरी पूर्णकालीन सदस्य नियुक्त गरिएको छ । नवनियुक्त कार्यकारी निर्देशक घिसिङले शाक्य र आफ्नो नियुक्ति फरक-फरक ठाउँमा एकैपटक भएको शाक्यको विज्ञतालाई सरकारले ऊर्जा क्षेत्रको विकासमा प्रयोग गर्न लागेको बताए ।

घिसिङले जनताको अपेक्षालाई आफूले निराश नबनाउने भन्दै सबै मिलेर अगाडि बढे प्राधिकरणलाई सरकारका विभिन्न संस्थामध्येको नमूना बनाउन सकिने विश्वास व्यक्त गरे । प्राधिकरणमा आयोजित पदबहाली समारोहलाई सम्बोधन गर्दै घिसिङले निर्माणमा रहेका आयोजनालाई शीघ्र सम्पन्न गराउनेतर्फ आफ्नो विशेष पहल रहने उल्लेख गरे ।

# कसरी गुम्दैछ नेपाली कामदारको कमाइ ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ साउन




कोरोना भाइरस महामारीका कारण दबाब र बाध्यतामा परी वैदेशिक रोजगारीबाट स्वदेश फर्किनु परेका नेपाली कामदारहरुले आफ्नो कमाइ गुमाउनु परेको छ । विज्ञहरुले त्यसलाई 'श्रमिकहरूको ज्यालामा चोरी' भनेका छन् ।

आप्रवासी कामदारहरुको हितका पक्षमा काम गर्दै आइरहेको संस्था प्रवासी नेपाली समन्वय समिति (पीएनसीसी)ले गरेको एक अध्ययनले उक्त तथ्य सार्वजनिक गरेको हो । प्रवासी नेपाली समन्वय समितिका महासचिव अञ्जन पोखरेलले ठगिनेमा कागजात नभएका कामदार रहेका बताएका छन् । उनीहरु आफुले पाउनुपर्ने तलब तथा ज्याला पाउन कम्पनीविरुद्ध उजुरी दिने अवस्थामा समेत नदेखिएको बताए ।

उक्त संस्थाले कोरोना महामारीको विश्वव्यापी संक्रमणपछि रोजगारी गुमाएर घर फर्किएका कामदारहरुले बाध्यताबश आफुले कम्पनीबाट पाउनुपर्ने रकम छोड्नु परेको देखिएको बताएको छ ।

उक्त संस्थाले कोरोना महामारीपछि रोजगारी गुमाएर फर्किएका मध्ये सवा ७ सय नेपाली कामदारलाई आधार बनाएर गरेको अध्ययनमा उक्त कामदारको ज्यालामा ठगी भएको देखिएको बतायो । समितिले ७ सय ३० जना कामदारहरुले नियमितरुपमा पाउनुपर्ने मध्ये ३ करोड ९८ लाख ३५ हजार ६ सय ३२ रुपैयाँ ज्याला छाडेर फर्किएको भन्दै समग्रमा नेपाली कामदारले करोडौं गुमाएको बताएको छ ।

पाउनुपर्ने तलब सुविधा छोड्न बाध्य भएका मध्ये वैदेशिक रोजगारीका लागि कतारबाट फर्किएका सबैभन्दा धेरै रहेको बताएको छ । कतारपछि साउदी अरब, बहराइन, यूएई र मलेसियाबाट फर्किएकाहरु रहेको उक्त अध्ययनले जनाएको छ । नेपाली कामदार धेरै प्रकारका रोजगारीमा जाने गरेका छन् । पाउनु पर्ने ज्याला तथा तलब छोडेर आउनेमा निर्माणको क्षेत्रमा काम गर्ने कामदार रहेका छन् । निर्माण क्षेत्रमा रोजगारीमा जाने अधिकांश नेपाली कामदार अदक्ष र शिक्षाका दृष्टिले पनि कमजोर मानिन्छन् । निर्माणपछि सेवा क्षेत्रमा रोजगारी गर्न गएका मजदुर ठगिएको पाइएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव सूर्यप्रसाद गौतमले ठगीमा परेका नेपाली कामदारहरुलाई न्याय दिलाउन मन्त्रालय लाग्ने भन्दै परराष्ट्र मन्त्रालयको समन्वयमा नेपाली नियोगहरुसँग समन्वय गर्ने आश्वासन दिए । उनले वैदेशिक रोजगार ऐन अनुसार करार अनुसारको तलब सुविधा नपाई ठगीमा पर्ने कामदारलाई न्याय दिलाउने जिम्मेवारी म्यानपावर कम्पनीको पनि भएको बताए ।

यसअघि राष्ट्रिय मानव अधिकार आयोगले गरेको एक अध्ययनमा पनि कोभिड-१९ संक्रमणको फैलावटसँगै काम र कम्पनी बन्द भएको, रोजगारदाताले एकतर्फी रूपमा निष्काशन गरेको वा करार भंग गरेका कारण ठूलो संख्यामा नेपाली कामदारहरूको पूर्ण वा आंशिक रूपमा रोजगारी र पारिश्रमिक गुमेको, कतिपय रोजगारदाताले कामदारलाई पारिश्रमिक नदिने वा दिइएमा पनि पूरै नदिने गरेको पाइएको देखिएको थियो ।

## वैदेशिक रोजगार विशेष

### यूएईले थप्यो आवासीय भिसा

**काठमाडौं/मस–** यात्रा प्रतिवन्धका कारण विदेशमा रोकिएका आवासीय भिसावाहकहरुलाई यूएईले भिसा अवधि थप गरिदिने भएको छ । यूएईले आगामी डिसेम्बर ९ तारेखसम्मका लागि स्वचालित ' अटोमेटिक' रुपमा भिसा थप गर्ने खालिज टाइम्सले उल्लेख गरेको छ ।

यूएईले कोरोना भाइरस संक्रमणको कारण देखाउँदै अन्तर्राष्ट्रिय उडान रोकेपछि भारत लगायतका देशमा यूएईको आवासीय भिसा लिएका धेरै व्यक्ति रहेका छन् । रेसिडेन्ट भिसावाहक ६ महिनाभन्दा बढी समय विदेशमा बसेको भएपनि बिना शुल्क आफ्नो भिसा अपडेट गराएर युएई जान पाउने बताइएको छ ।

# संकटमा महन्थ ठाकुर

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ साउन ।

निर्वाचन आयोगले जनता समाजवादी पार्टी (जसपा) को वैधानिकता उपेन्द्र यादवलाई दिएपछि महन्थ ठाकुर समूह भने संकटमा परेको छ । गएको वर्ष वैशाखमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दल विभाजन सम्बन्धी अध्यादेश ल्याएपछि यादवको पार्टी विभाजन उन्मुख बनेको थियो । केही सांसदले संसदीय दलमा ४० प्रतिशत पुऱ्याएर दल विभाजन गर्दै साविकको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा प्रवेश गर्ने तयारी थियो ।

तर त्यसबेला महन्थ ठाकुर नेतृत्वको पार्टी राष्ट्रिय जनता पार्टी (राजपा) सँग एकता भयो । यादवको दल जोगियो । तर गएको ५ पुसमा संसद् विघटन गर्ने निर्णय गरपछि ठाकुर समूहले ओलीलाई साथ दिए । तर उपेन्द्र यादव भने विपक्षमा उभियो । यही विवाद बढ्दै जाँदा ठाकुर समूह गएको २१ जेठमा सरकारमै सहभागी भए । तर दोस्रो पटकको संसद् विघटन पनि पुनर्स्थापना भयो । अदालतको फैसलाबाट ठाकुर पक्षीय नेताहरु पदमुक्त भए । यसपछि जसपा राजनीतिक रुपमा विभाजित भएको थियो ।

तर ११ असारमा निर्वाचन आयोगले कार्यकारिणी समितिको बहुमतको आधारमा यादवलाई पार्टीको वैधानिकता दिए । यसपछि भने ठाकुर समूह संकटमा परेका छन् । कार्यकारिणीबाट महन्थ ठाकुर समूहलाई पदमुक्त गरिएको छ ।

ठाकुर समूहका बाँकी पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT
*A reputed manpower recruitment company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-*


1. PRO - 10
2. DOCUMENTATION STAFF - 2
*Should have minimum 2 years experience in related field.
Royal International Overseas Pvt. Ltd.
Samakhusi -29, Kathmandu, Nepal
Tel: 4385294, 4385295, 9801255512 | Email: info.royal1034@gmail.com

कोभिड–१९ को संक्रमणबाट बचौं र बचाऔं
सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं:
■ अनिवार्य रूपमा मास्क लगाऔं ।
■ सेवा प्रवाहमा भौतिक दुरी कायम गरौं ।
■ साबुन पानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं ।
■ संक्रमणको शंका लागेमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### कुलमानका चुनौती

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकमा कुलमान घिसिङ पुनः नियुक्त भएका छन् । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले घिसिङलाई चार वर्षका लागि कार्यकारी निर्देशकमा नियुक्त गर्ने निर्णय गरेको थियो । मन्त्रिपरिषद्को निर्णय पछि उर्जामन्त्री पम्फा भुसालको उपस्थितिमा घिसिङले बुधवार नियुक्तिपत्र बुझे । बुधबार नै उनले पदभार ग्रहण गरेका छन् । घिसिङको स्वागतार्थ कर्मचारीहरूको भीड लागेको थियो भने विभिन्न माध्यमबाट बधाईको वर्षा नै भइरहेको छ । यसरी बधाइको वर्षा पाउनुमा भने नेपाली जनताको मनमा बसेका सफल र योग्य कार्यकारी निर्देशक फेरि विद्युत प्राधिकरणमा फर्कनु हो । दैनिक १८ घण्टासम्म लोडसेडिङ खेपिरहेका मुलुकमा उनले लोडसेडिङ घटाउने मात्रै नभएर लोडसेडिङ मुक्त बनाएका थिए । सँगै, उनले निरन्तर घाटामा रहेको प्राधिकरणलाई अर्बौं नाफामा लगेका थिए ।

तर चार वर्षे कार्यकाल सकिएपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले उनलाई दोहोऱ्याउन चाहेनन् । त्यसैबेला कुलमानलाई कार्यकारी निर्देशक दोहोऱ्याउन ठूलो जनदबाव थियो । तर ओलीले सुनेनन् । राज्यसत्ता कब्जाको आरोप खेपिरहेका ओलीले जनदबाव मात्रै नभएर आफ्नै दलका नेताहरूको समेत कुरा सुनेनन् । तत्कालीन उर्जा मन्त्री वर्षमान पुनले गरेको आग्रह र उर्जा मन्त्रालयले गरेको सिफारिस बिपरीत ओलीले कुलमानलाई राखेनन् । उनले आफू निकटलाई कार्यकारी निर्देशक नियुक्त गरे । तर गएको २९ असारमा ओली नै प्रधानमन्त्रीबाट पदमुक्त भए । यसपछि बनेको गठबन्धन सरकारले भने फेरि कुलमानलाई दोस्रो कार्यकालका लागि नियुक्त गरेको छ ।

मुलुकमा लोडसेडिङ हटाउने र प्राधिकरणलाई नाफामा लैजाने श्रेय लिएका कुलमानसँग यो दोस्रो नियुक्ति सजिलो भने देखिन्न । किनकि पहिलो पटक हासिल गरेको भन्दा बढी उपलब्धी कुलमानले दोस्रो कार्यकालमा देखाउनुपर्नेछ । पहिलो पटक लोडसेडिङ घटाए मात्रै पनि जस पाउने थिए । नाफा र नोक्सान आमनागरिकको चासोमा थिएन । तर अब उनले उर्जा क्षेत्रमा सानोतिनो प्रगति गरेर मात्रै जनविश्वास कायमै राख्न सक्दैनन् । अझ उर्जामन्त्री भुसालको सफलता पनि उनीसँग केही न केही रूपमा जोडिन पुगेको छ । कुलमान कार्यकारी निर्देशक नियुक्त भएकै दिन मन्त्री भुसालले गरीब र न्यून आय भएकाहरूलाई निशुल्क विजुली उपलब्ध गराउने निर्णय सार्वजनिक गरेका छन् । २० युनिटसम्म खपट गर्ने परिवारलाई निशुल्क विजुली दिने योजना अझ उदार र कल्याणकारी बनेर जानसक्छ । यस्तो अवस्थामा पनि कुशल व्यवस्थापन गर्न सके कुलमानले फेरि पनि जनविश्वास कायमै राख्न सक्छन् ।

## सामाजिक सञ्जाल




सरकार र सत्ताबाट निस्किन बित्तिकै सबै महाज्ञानी भएर निस्किन्छन् । हिजोको केपी ओलीको भाषण हेर्नोस् त । आम्मामा ! आजसम्म किन गौर हत्याकाण्डका आयोजकलाई कारबाही नगरेको ? किन क्यान्टोनमेन्टको कुरा नउठाएको ? सरकारले किन देश सेवा नगरेको ? हेर त सत्ता बाहिर निस्केपछिको कुण्ठा र रोदन ।

**आस्था केसी**




वर्षौंसम्म सँगै काम गरेका आफ्नै संस्थापक नेतालाई सार्वजनिक रूपमा 'देशद्रोही'सम्म भन्न भ्याएका ओलीले २/२ पटक आफैँले विघटन गरेको संसदमा उभिएर पनि आन्तरिक झगडाको मात्र कुरा गरे । आफ्नै साथीहरूलाई व्यङ्ग गर्दै खोइरो खने । संसदमा उभिएपछि त कमसेकम घरझगडाभन्दा माथि उठेर बोल्नु नि !

**मुमाराम खनाल**




प्रमुख प्रतिपक्षीदलका नेता केपी ओलीजीले संसदमा पहिलो पटक दिएको अभिव्यक्तिलाई कतिपयले अहंकार, घुटन, दम्भ, कुण्ठा आदि पनि भने । त्यो पनि केहि हदसम्म हुन सक्छ । तर एउटा कुरा निश्चित देखियो, आउने दिनहरूमा देउवा सरकारलाई संसद सामना गर्न अत्यन्त कठिन हुनेछ । प्रतिपक्ष यस्तै हुनुपर्छ ।

**लक्ष्मण घिमिरे**



४० महिना सर्वशक्तिमान शासक भएर जिन्दगीभर सत्ता र शक्तिको दिवास्वप्न देख्ने पात्रले क्यान्टोनमेन्ट, गौर हत्या, लिपुलेक फर्काउन र सीमा समस्या हल गर्न के पहल गर्यो ? पद र शक्तिको स्वार्थमा यी विषयलाई पन्छाउनेले अहिले पानीमाथि ओभानो बन्नु भ्रामक । अर्ति र आदर्श आडम्वरीलाई सुहाउँदैन ।

**कृष्ण घिमिरे**



विधि–प्रकृया भन्दै निर्वाचित अध्यक्ष बरोबरको अवैधानिक अधिकार खोज्ने माधव नेपाललाई कति उचाल्छौ ? पार्टी मेरो भन्छन् अनि विधान अधिवेशन रोक्न भन्छन । केपीसँगको डाहा राखेर पार्टी ध्वस्त पार्न लाग्छन् । एमाले हुँ भन्छन्, संसदको पछिल्लो हारमा खुम्चीएर बस्छन् । कुन पार्टीका हुन यी जगत भाँडा ? छ्या ।

**सुवोध प्याकुरेल**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# निरन्तर नागरिक आन्दोलन

समाजमा तीव्र गतिमा प्रतिगमन भइरहेको छ । भर्खरै, सर्वोच्च अदालतको आरक्षणबारेको फैसला र त्यसले सृजना तरमाराको आरोपप्रति नागरिक आन्दोलनको अहिलेसम्म एउटा विज्ञप्ति आएको देखिँदैन । विगतको जस्तो पक्षधरता प्रदर्शन गर्ने छुट अहिलेको नागरिक आन्दोलनलाई कुनै हालतमा छैन ।



● निष्णु थिङ

विगतमा राजा ज्ञानेन्द्रले संसद विघटन गरेपछि नागरिक आन्दोलन सडकमा आएको थियो । त्यो आन्दोलनको महत्व दोस्रो जनआन्दोलनको लागि पृष्ठभूमि निर्माण गर्ने र सात दल र माओवादीलाई एकठाँउमा ल्याउन रह्यो । आठ दललाई दरोसँग खुट्टा टेकाउने भूमिका तत्कालिन नागरिक आन्दोलनले निर्वाह गरेको थियो । दोस्रो जनआन्दोलनको सफलता र संसदको पुर्नस्थापना भएपश्चात् नागरिक आन्दोलन सुषुप्त हुँदै गयो । सायद नागरिक अगुवाहरुलाई यस्तो आन्दोलनलाई राजतन्त्रको अन्त्य र गणतन्त्रको बहाली भएपछि यस्तो आन्दोलनको अब खाँचो पर्दैन भन्ने लागेर हुनुपर्छ । गत पौष ५ गते केपी ओलीले पुनः संसद विघटन गराएपछि मात्रै नागरिक आन्दोलन पुनः बौरियो । करिब १५ वर्ष सडकमा कतै नदेखेको नागरिक आन्दोलनबारे योबीचमा हुर्केको पुस्ताले थाहा पाउन सक्ने कुरै भएन ।

केही महिना अगाडि बौद्धमा अहिलेका नागरिक आन्दोलनका अगुवाहरुसित छलफल र अन्तरक्रिया गर्ने अवसर जुऱ्यो । आन्दोलनका तर्फबाट नारायण वाग्ले, डा.भाष्कर गौतम, डा.दोभान राई र गोविन्द छन्त्याल (नेपाल आदिवासी जनजाति महासघंका उपाध्यक्ष) र पक्तिंकारसहित मानवशास्त्री डा. मुक्तसिंह लामा, पूर्व राजदूत डा.गणेश योन्जन, भाषाविद् अमृत योन्जन र शिक्षक ध्यान बहादुर मोक्तान थिए । यो छलफलको मुख्य उद्देश्य अब नागरिक आन्दोलन कसरी अगाडि लैजाने सोंचेर नागरिक अगुवाहरुले त्यसको लागि परामर्श लिन खोजेका रहेछन् । छलफल लामो भयो, करिब मध्यरातसम्म चल्यो । उक्त भेटमा खुल्ला मनले नेपाली समाजको बहुआयामिक कोणबाट

> विगतका नागरिक आन्दोलनका अगुवाहरु प्रायः सबै जीवितै छन् । अहिलेको नागरिक आन्दोलनमा उहाँहरुको ऐक्यबद्धता, नैतिक र वैचारिक समर्थन रहनु आफैमा ठूलो पुँजी हुन् । उहाँहरु बेला-बेलामा सहभागी भएको देखिन्छ । नेपालमा पनि त्यस्ता दृष्टान्तहरु छन् ।



> राजनीतिक दल र नागरिक आन्दोलनमा तात्विक भिन्नता छ । दलले नागरिक सामु आफ्नो मुद्दाहरु, घोषणापत्र, प्रतिबद्धता पत्रको आधारमा म्याण्डेट माग्छन् र सत्तामा पुगेर त्यसको डेलिभरि गर्नपर्छ । तर नागरिक आन्दोलनले मुद्दा र नाराहरु उठाउन सक्छन्, म्याण्डेट पनि माग्दैन र सत्तामा पनि जादैन । त्यसैले डेलिभरिको जवाफदेहिता बोक्न पर्दैन । नागरिक आन्दोलनको मूल सबल वा दुर्बल पक्ष सत्तामा गएर डेलिभरि दिन नपर्ने नै हो ।

छलफल भयो । प्रम ओलीको हिन्दू राष्ट्रवादको आगामी यात्रा, नेपालमा परेको अहिलेको भूराजनीतिक दवावबारे, केही राजनीतिक र दार्शनिक छलफलहरु भए ।

### पौष ५ पश्चात्

केपी शर्मा ओलीको संसद विघटनकारी कदमले उठेको नागरिक आन्दोलनले लोकतन्त्र, सविंधानवाद, विधिको शासन, सुशासन, समावेशिताजस्ता मुख्य विषयहरुलाई राम्ररी मुखरित गऱ्यो । मूल मुद्दाचाहिँ संसद पुर्नस्थापनालाई बनायो । संसद पुर्नस्थापनाको मुद्दालाई लिएर तत्कालिन नेकपाका प्रचण्ड-माधव समूहदेखि सबै राजनीतिक दलहरु सडकमा आए । संसद पुर्नस्थापना भएपछि ओलीको कुशासनबाट सजिलै मुक्त हुन्छ भन्ने ठानेको नागरिक आन्दोलन र दलहरु सर्वोच्च अदालतको गत फाल्गुण ११ को फैसलाले संसद पुर्नस्थापना गरेपछि झन ठूलो अकर्मण्यमा फस्यो । नागरिक आन्दोलनले सोंचे कि कोर्स करेक्सन भयो र अब संसदले आफै यो विषयमा निकास दिन्छ र राजनीति सङ्लिएर जान्छ । तर संसद पुर्नस्थापनापश्चात् राजनीति त झन धमिलिदै गयो । फुटबल खेलमा कुन समूहले खुट्टामा बल धेरै नचायो र होल्ड गऱ्यो भन्ने कुराले भन्दा कसले गोल हान्यो, त्यसले महत्व राख्दछ र त्यसैको आधारमा हारजीत तय हुन्छ । संसद पुर्नस्थापनाभएपछि राजनीतिक फुटबल आफ्नो खुट्टामा छ भनेर मख्ख परेका प्रचण्ड-माधव, नेपाली कांग्रेस, जसपालगायत संसद विघटनको विरोध गर्नेहरु फाल्गुण २३ गते सर्वोच्च अर्को फैसलाबाट ओलीले गोल हानेपनि बल्ल झस्किए । ओली एकपछि अर्को चतुऱ्याइका साथ मैदानमा ओर्लेपछि नागरिक आन्दोलन पनि झस्कियो । संसद पुर्नस्थापनाले राजनीति लिकमा ल्यायो भन्ठान्नेहरु ओलीको एकपछि अर्को चटके हेरेर आजित भए । ओलीले पुनः दोस्रो पटक संसद विघटन गरेर दुनियाँलाई चकित पारे । नागरिक आन्दोलनको निरन्तर खबरदारीको भूमिका दलहरुको लागि पनि स्वयम् उत्प्रेरणा भयो ।

संसद पुर्नस्थापनाले राजनीतिलाई ठिक गति र दिशामा लैजान नसकेपछि पुनः नागरिक आन्दोलन अर्को तरिकाले जुर्मुराउन थाले । नागरिक आन्दोलनले आफ्नो दायरा फराकिलो गर्दै लगे । त्यसै सिलसिलामा महिला मार्च, मातृभाषा मार्च, टियु मार्च, खोकनाको आन्दोलनमा ऐक्यबद्धतासहित सहभागिता, सम्पदा बचाउ अभियानलगायत समाजमा छरिएर रहेका विविध आन्दोलनहरुसित सहकार्य गर्ने नीति लियो । यो आन्दोलनले आफ्नो घोषणापत्र फाल्गुण ७ को अवसरमा सार्वजनिक गऱ्यो । सो घोषणापत्रले आन्दोलनलाई थप उचाई, वैचारिक र बृहत सामाजिक दिशा दिने काम भयो ।

### नागरिक आन्दोलनको समिक्षा

विगतका नागरिक आन्दोलनका अगुवाहरु प्रायः सबै जीवितै छन् । अहिलेको नागरिक आन्दोलनमा उहाँहरुको ऐक्यबद्धता, नैतिक र वैचारिक समर्थन रहनु आफैमा ठूलो पुँजी हुन् । उहाँहरु बेला-बेलामा सहभागी भएको देखिन्छ । कुनै पनि आन्दोलनको संस्थापकहरु वा अघिल्लो पुस्ता पछिल्लो आन्दोलनको बखतमा जीवित हुनु र उहाँहरुको समर्थन प्राप्त हुनु सामान्य घटना होइन । नभए विश्वका थुप्रै आन्दोलनका संस्थापकहरु या त जीवित हुँदैनन् या उनीहरुको समर्थन पुनः प्राप्त हुँदैनन् । नेपालमा पनि त्यस्ता दृष्टान्तहरु छन् । केशरजङ्ग रायमाझी, कमलराज रेग्मी, जीबि याक्थुम्बा, श्याम कुमार तामाङहरु जो प्रजातन्त्रको लागि लडेकाहरु नै महेन्द्रले 'कु' गरेपछि प्रजातन्त्र पुर्नबहालीको आन्दोलनमा जोडिएनन् । त्यसैले सबै आन्दोलनहरुलाई त्यस्तो सौभाग्य प्राप्त हुँदैनन् ।

त्यसअर्थमा अहिलेका नागरिक अगुवाहरु र आन्दोलन विरासतबाट लाभान्वित छन् । नागरिक आन्दोलनका थुप्रै सबल पक्ष र सीमाहरु हुन्छन् । नागरिक आन्दोलनका सबैभन्दा सबल पक्ष भन्नु नै यो कुनै दल केन्द्रित र दल निर्देशित नहुनु हो र आफैमा एउटा स्वतन्त्र र दल निरपेक्ष हुनु हो । यसको व्यापक दायराको कारणले जो पनि सामेल हुन सक्छन्, दलमा आबद्ध व्यक्तिहरु वा गैरदलीय स्वतन्त्र मानिसहरु यसमा अटाउने भएकोले यो एउटा खुकुलो सञ्जाल हुन् । यो आन्दोलनमा फराकिलो क्षितिज भएपनि मुद्दाको आधारमा व्यक्तिहरु सामेल हुन सक्छन् । खुकुलो सञ्जाल भएपनि आफ्नो आदर्श, निष्ठा, वैचारिक दृष्टिकोण र मुद्दाहरु भएकोले सबैको लागि साझा फोरम नहुन सक्छ । जस्तै कि संसद पुर्नस्थापनाको नारा लगाउँदा विघटन नै ठिक ठान्नेहरु यसमा अटाउन सक्दैनन् । राजनीतिक दल र नागरिक आन्दोलनमा तात्विक भिन्नता छ । दलले नागरिक सामु आफ्नो मुद्दाहरु, घोषणापत्र, प्रतिबद्धता पत्रको आधारमा म्याण्डेट माग्छन् र सत्तामा पुगेर त्यसको डेलिभरि गर्नपर्छ । तर नागरिक आन्दोलनले मुद्दा र नाराहरु उठाउन सक्छन्, म्याण्डेट पनि माग्दैन र सत्तामा पनि जादैन । त्यसैले डेलिभरिको जवाफदेहिता बोक्न पर्दैन । नागरिक आन्दोलनको मूल सबल वा दुर्बल पक्ष सत्तामा गएर डेलिभरि दिन नपर्ने नै हो ।

दोस्रो जनआन्दोलनपछि हुर्केका पुस्ताले नागरिक आन्दोलनलाई त्यति चिन्दैनन् । त्यसको मूल कारण भनेको १५ वर्षसम्म यो निस्क्रिय र कोमामा रहनु हो । यो पन्ध्र वर्षसम्म चुपचाप बस्नु, कतै नदेखिनुले गर्दा नागरिक आन्दोलनको ठूलो महत्व हुँदा हुँदै पनि समाजमा यसको हाँगाबिँगा फैलिन पाएन । अझ व्यापक भएर जान पाएन । सविंधान निर्माणको लागि गठित पहिलो र दोस्रो सविंधानसभाको कालभरि कुनै हस्तक्षेप नागरिक आन्दोलनको तर्फबाट हुनै सकेन । जबकि सविंधान निर्माण प्रकिया र निर्मित सविंधानमाथि नागरिक आन्दोलनका आफ्नै धारणाहरु छन् । नागरिक आन्दोलनका मूल कमजोरी यसको निरन्तरता रहेन । पुराना पुस्ताले नयाँ पुस्तालाई क्रमशः हस्तान्तरण गर्दै लैजाने संस्कृति विगतका नागरिक अगुवाहरुमा देखिएन । त्यसो हुनुमा विगतका अगुवाहरु सबैजसो पञ्चायतकालीन राजनीतिक परिपाटीबाट हुर्केकाहरु भएर होलान्, जोसँग दलीय चिन्तन र संस्कार कतै न कतै थिए । हाम्रो दलीय संस्कार र चिन्तन त व्यक्तिकेन्द्रित घाटले नबोलाएसम्म पदत्याग नगर्ने, जिम्मेवारी नछाड्ने र छाड्नै परे भऱ्याङ झिकिदिने र नयाँपुस्ताले अपमानपूर्वक घोकेठ्याक लाउनु पर्ने जो छ ।

विगतका दोस्रो जनआन्दोलनको बेला उठेको नागरिक आन्दोलन आत्ममुखी पनि बन्यो । विश्लेषक सीके लालले नागरिक अगुवाका श्वेत कमिजदारीहरुले सबै खालका आन्दोलनले उठाएको र अन्तरिम सविंधानले सुनिश्चित गरेको अधिकारहरुको विरुद्धमा धावा बोलेको र दरवारमार्गमा निकालेको जुलुसलाई प्रतिगमनको मतियार भन्दै आएका छन् । कतिपय खसआर्यबाहेकका अगुवा बौद्धिकहरु उनीहरुलाई सविंधान बनाउने निर्णायक समयमा जतिसक्दो विरोध गरे, नकारात्मक भूमिका खेले र अहिले आन्दोलन गरे जस्तो सहानुभूति दिए जस्तो गर्छन्, भन्दछन् । त्यसैले अधिकतर तप्काले अविश्वास गर्दछन् र विश्वास गरे पनि शकांलु मनसायले हेर्दछन् । अघिल्लो पुस्ताले गरेका गल्तीका कठिनाइहरु यतिबेला नागरिक आन्दोलनका अगुवाहरु सामु छन् । ती कठिनाइहरुको मूल्य कति चुकाउनु पर्छ ? वर्तमान नेपाल आदिवासी जनजाति महासंघलाई सोधे हुन्छ । अहिलेको नागरिक आन्दोलन पनि चाहेर वा नचाहेर खसआर्य पुरुषको कब्जामा भएकोले पनि त्यस इतरका समूहहरुले झट्टै विश्वास गरेर आन्दोलनमा होमिन चाहँदैनन् । त्यो मनोविज्ञानलाई सम्बोधन नगरेसम्म नागरिक आन्दोलनको उचाई बढ्ने छैन ।

### अबको बाटो

बौद्धको बसाईमा अबको नागरिक आन्दोलन कसरी लैजानु पर्छ भन्ने प्रश्नमा गणेश योन्जनले, 'पहिला वर्तमान स्थिति बताउनु त्यसपछि सुझाव दिउँला' भनेपछि नारायण वाग्लेले सक्षिंप्त अवस्था बताए । नागरिक आन्दोलनका अगुवाहरुले तामाङहरुका भर्सन सुन्न चाहेकाले तामाङ वौद्धिक व्यक्तित्वहरुले आफ्नो भाषा, संस्कृति,इतिहास र पहिचानले उचित स्थान र सम्मान राज्यबाट पाउनु पर्नेमा जोड दिए । इतिहासमा उनीहरुमाथि राज्यले गरेका निर्मम दमन र अन्यायको न्याय पाउनु पर्ने जिकिर गरे । आफ्नो ताम्सालिङ प्राप्तिको आकांक्षालाई उच्च प्राथमिकता दिए । पक्तिंकारले निम्न दुईवटा सुझावहरु पेश गरेँ । एक, आन्दोलनको मुद्दा विस्तार गर्ने र दुई, आन्दोलनको क्षेत्र विस्तार गर्ने । मुद्दा र क्षेत्र विस्तारले नागरिक आन्दोलनलाई दृष्टिकोण र शक्ति दुवै आर्जन हुन्छ । हुन त विद्यमान नागरिक आन्दोलन र विगतका नागरिक आन्दोलनका बीच ठूलो अन्तर छ । दोस्रो जनआन्दोलनताका नागरिक आन्दोलनका मूल मुद्दाहरुः शाही कदमको विरोध र संसद पुर्नस्थापना, राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना थिए । अहिलेका नागरिक आन्दोलन त्यतिमा सीमित छैन । आफ्नो दायरा निकै नै विस्तार गरेको त देखिन्छ तैपनि त्यो पर्याप्त छैन ।

मानवशास्त्री मुक्त सिंह लामाले, 'नेपालमा वाहुनवादमाथि प्रहार दलितले, महिलाले, आदिवासी जनजातिले, मधेसीले र सबै सीमान्कृतहरुले गर्दा गर्दै त्यो आन्दोलन स्याचुरेशनमा पुगिसक्यो । तैपनि वाहुनवाद कहिले सुध्रिएन र सुध्रिन चाहेन । हलचल नै भएन' भने । दोभान राईले पनि,'बुढो मक्केको यो पर्खाल जति हान्दा पनि ढलेन' भनेकी थिइन् । अहिले सामाजिक आन्दोलनका सबै अधिकारमुखी संयन्त्रहरु प्यारालाइज्ड भएका छन् । जस्तै कि नेपाल आदिवासी जनजाति महासघं, महिला अधिकार मञ्च, दलित मोर्चाहरु, मधेसी शक्तिहरु सबै सगंठनले आफ्नो समूहहरुको अपेक्षाअनुरुप काम गर्न नसकेको देखिन्छ । त्यसैले ती सबै समूहहरुले बिसाउँदै गएका सबै मुद्दाहरुलाई ब्यूँताउदै क्षेत्रीय, जिल्ला र पालिकाहरुमा चलेका देशभरिका आन्दोलनका अलग-अलग कडिहरुलाई यो नागरिक आन्दोलनले जोड्न आवश्यक छ ।

### हाम्रा राज्य संरचनाहरु सिंहदरवार–वालुवाटार

केन्द्रित भएकोले आन्दोलनहरु पनि यसै वरिपरि नै चलेको हुनुपर्छ । अहिले थोरै भएपनि सत्ता र स्रोत प्रदेश र पालिकास्तरमा बाँडिएकोले पनि काठमाडौंकेन्द्रित नागरिक आन्दोलनलाई विकेन्द्रित र विस्तारित गरेर लैजानु पर्ने परिस्थिति छ । त्यतातिर पनि नागरिक आन्दोलनले ध्यान पुऱ्याउन जुरुरी छ । अहिले कोभिड-१९ को दोस्रो लहरले नेपाल भारतलगायत धेरै देशहरुमा डरलाग्दो स्थिति सृजना गरेको छ । अब तेस्रो लहर आउने चर्चा छ । नेपालमा पनि यो स्थिति जटिल बन्दै गएकोले सरकारले उपत्यकालगायत विभिन्न जिल्लामा निषेधाज्ञा जारी गरेको छ । नागरिकले राम्रो उपचार नपाउने, खाना नपाउने अवस्थामा सरकारको ध्यान भने आफ्नो कुर्सी जोगाउन नाजायज तानाबाना बुन्न मात्रै केन्द्रित हुने हाम्रो नेतृत्वप्रति नागरिक आन्दोलनले सरकारलाई खबरदारी गरिरहन आवश्यक छ ।

अब नागरिक आन्दोलन निरन्तर चलाइरहनु पर्छ । कहिले ज्ञानेन्दको त कहिले ओलीको संसद विघटनकारी कदमपश्चात् प्रतिकियास्वरुप ट्रिगर हुने खालको नागरिक आन्दोलन होइन, निरन्तर खबरदारीको मोडेलमा सञ्चालन गराइ रहनुपर्छ । समाजमा तीव्र गतिमा प्रतिगमन भइरहेको छ । भर्खरै, सर्वोच्च अदालतको आरक्षणबारेको फैसला र त्यसले सृजना तरमाराको आरोपप्रति नागरिक आन्दोलनको अहिलेसम्म एउटा विज्ञप्ति आएको देखिँदैन । विगतको जस्तो पक्षधरता प्रदर्शन गर्ने छुट अहिलेको नागरिक आन्दोलनलाई कुनै हालतमा छैन । प्रतिगमन भएपछि बल्ल सकिय हुनेभन्दा प्रतिगमन हुन नदिन नागरिकलाई निरन्तर जागरुक बनाउन यो आन्दोलन नियमित चल्नुपर्छ । नागरिक आन्दोलन खबरदारी अभियान भएकोले यो आफैमा पारदर्शी, सुदृढ आन्तरिक लोकतन्त्र र सुशासनयुक्त हुदै समावेशी हुनु पर्छ । समावेशीताः सवाल र नेतृत्व दुवैमा भएमा यो आन्दोलन दीर्घजीवि र सशक्त हुदै जाने छ ।

इमेल : nishnuthing@gmail.com

उर्जामन्त्रीको घोषणा

# २० युनिटसम्म बिजुली खपत गर्नेलाई निःशुल्क, उर्जा मातहतका कार्यालयमा विद्युतीय गाडी अनिवार्य



**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, २७ साउन ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले २० युनिटसम्म खपत गर्ने विपन्न वर्गको ग्राहकहरुलाई निःशुल्क विद्युत् उपलब्ध गराउने घोषणा गरेकी छन् । बुधबार सिंहदरबारमा पत्रकार सम्मेलन गर्दै उनले विपन्न वर्गलाई निःशुल्क विद्युत् उपलब्ध गराउने सम्बन्धमा नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिले निर्णय गरिसकेको र छिट्टै कार्यान्वयनमा ल्याइने बताइन् ।

मन्त्री भुसालले सामाजिक उत्तरदायित्वअन्तर्गत गरिबीको रेखामुनी रहेका जनतालाई निःशुल्क विद्युत् उपलब्ध गराउन लागिएको बताइन् । मन्त्री भुसालले विपन्न स्तरका जनतालाई राहत दिने गरी यस्तो निर्णय भएको बताइन् ।

### २६ लाखभन्दा बढी ग्राहकले सुविधा पाउने

निःशुल्क विद्युत कार्यक्रमबाट नेपाल विद्युत् प्राधिकरण र सामुदायिक ऊर्जा उत्पादनका गरी २६ लाखभन्दा बढी ग्राहकले सुविधा पाउने उर्जा मन्त्रालयको आकंलन छ । विद्युत महसुल तिर्न नसकेर बन्द भएका ट्युवेलको जरिवाना छुट दिने र यस्तो निर्णयले ४ लाखभन्दा बढी किसानले लाभ प्राप्त गर्ने मन्त्री भुसालको भनाई छ ।

मन्त्री भुसालले स्यालो ट्यूवेल सिमान्तकृत र साना कृषकहरूको जीवनस्तर उठाउने माध्यम भएकोले विद्युत बढी माग हुने समयमा महसुलमा ८० र अन्य समयमा पुर्ण रूपमा छुट दिने घोषणा पनि गरिन् ।

'यसबाट ३ लाख ८८ हजार घर धुरीका कृषकहरूको जीवनस्तर उठाउन महत्वपुर्ण योगदान हुनेछ', भुसालले भनिन्, 'यस्तो सहुलियतबाट आगामी दिनहरूमा कृषकहरु स्वतः स्फुर्तरुपमा ट्यूवेल जडानमा प्रोत्साहन मिल्ने र सिंचित क्षेत्रको विस्तारमा महत्वपुर्ण योगदान हुनेछ ।' अब डिप ट्युवेलमा विद्युत बढी माग हुने समयमा महसुलको ५० प्रतिशत र अन्य समयमा ८० प्रतिशत छुट दिइनेछ । यसबाट ट्यूवेलहरु पूर्ण क्षमतामा सञ्चालन भइ ७५ हजार घर धुरी कृषकहरू लाभान्वित हुने, बाली सघनता र कृषि वालि उत्पादन वृद्धि भई खाद्य सुरक्षा र व्यापार घाटा न्यूनीकरणमा योगदान दिने मन्त्रालयको दावी छ ।

सरकारले 'विदेशी ग्यास छोडौं, स्वदेशी बिजुली जोडौं' भन्ने नाराका साथ विद्युतीय चुल्होको प्रयोग बढाउँदै लाने नीति अघि सारेको उनले जानकारी गराएकी छिन् । संयुक्त सरकारले ल्याएको न्यूनतम साझा कार्यक्रम, पूर्वमन्त्री, सचिव र महाशाखाअन्तर्गतका निकाय तथा विज्ञबाट प्राप्त सुझावका आधारमा जनतालाई छिटोछरितो सेवा प्रवाह गर्ने, विद्युत् र सिँचाइलाई उत्पादनका पूर्वाधारकारूपमा लिइ देशलाई समृद्ध तुल्याउने सन्दर्भमा विभिन्न निर्णय भएको सो अवसरमा जानकारी दिइएको थियो ।

### सबै प्रदेशमा अर्धजलाशय र जलाशययुक्त आयोजना

सरकारले प्रत्येक प्रदेशमा अर्धजलाशय र जलाशययुक्त आयोजनाहरु अघि बढाउने भएको छ । मन्त्री भुसालले प्रदेश १ मा दूधकोशी र तमोर आयोजना अघि बढाउन लागेको जानकारी दिइन् ।

प्रदेश २ मा ऊर्जाबाट विद्युत् उत्पादन तयारी गरिएको, बागमतीमा कुलेखानी र सुनकोसी-३, गण्डकी प्रदेशमा बूढीगण्डकी, लुम्बिनी प्रदेशमा नौमुरे, माडी, कर्णालीमा नलगाड र सुदूरपश्चिममा सेती जलविद्युत् आयोजना उत्पादनको काम अगाडि बढाउने उनले बताइन् ।

त्यसैगरी निर्माणाधीन आयोजना समयमै सम्पन्न गर्ने, निजी क्षेत्रबाट निर्माणाधीन आयोजनाहरु छिटो सम्पन्न गर्न आवश्यक समन्वय, सहजीकरण र अनुगमनको कार्यलाई प्रभावकारी बनाउने, निर्माणाधीन प्रसारण लाइनहरु तोकिएको समयमा सम्पन्न गर्न आवश्यक संयन्त्र बनाएर अनुगमनको कामलाई अगाडि बढाएर समयमै त्यसलाई सम्पन्न गर्ने र समयमै गुणस्तरीय काम गर्नेलाई पुरस्कार तथा नगर्नेलाई दण्ड गर्ने आगामी कार्ययोजना रहेको उनले बताइन् ।

मन्त्री भुसालले कालीगण्डकी, मर्स्याङ्दी, कोशी, दोर्दी, चिलिमे, खिम्ती-काठमाडौं, मर्स्याङ्दी-काठमाडौं आदि करिडोरका प्रसारण लाइनहरु सम्पन्न गर्ने, इनरुवा-ढल्केवर-हेटौंडा ४०० केभी लाइनलाई निर्माण सम्पन्न गर्ने, बुटवल-गोरखपुर, बुटवल-अत्तरिया, कर्णाली करिडोर, भेरी करिडोर, सेती कोरिडोर, कोशी कोरिडोरको ४०० केभी प्रसारण लाइनहरु निर्माणका लागि अगाडि बढाउने पनि बताइन् ।

### विद्युतीय गाडी अनिवार्य

मन्त्री भुसालले विद्युतीय सवारी चार्ज गर्न यही आर्थिक वर्षभित्र ५० स्थानमा चार्जिङ स्टेसन बनाउने घोषणा गरेकी छन् । विद्युत् खपत बढाउने सरकारको नीतिअनुसार विद्युतीय सवारी प्रयोगलाई प्रोत्साहन गर्न चार्जिङ सस्टेसन बनाउने निर्णय भएको उनले बताइन् । यस्तै हेभी ड्युटीका गाडीबाहेक ऊर्जा मन्त्रालय मातहतका कार्यालयले विद्युतीय गाडी मात्र प्रयोग गर्ने उनले घोषणा गरिन् । यसका लागि विद्युतीय गाडी खरिद गरिने उनले बताइन् ।

# मेगाले घरेलु तथा साना उद्यमीलाई सरल रुपमा कर्जा दिने

**काठमाडौं/मस–** नेपाल घरेलु तथा साना उद्योग महासंघ र मेगा बैंकबीच लघु, घरेलु तथा साना उद्योगमा वित्तीय पहुँच अभिवृद्धिका लागि सहकार्य गर्ने सम्बन्धमा सम्झौता भएको छ ।

महासंघ र बैंकबीच लघु, घरेलु तथा साना र युवा तथा महिला उद्यमीहरुको वित्तीय पहुँच बढाउने सम्बन्धमा सम्झौता सम्पन्न भएको हो ।

बैंकको केन्द्रिय कार्यालयमा आयोजित कार्यक्रममा महासंघको तर्फबाट अध्यक्ष श्यामप्रसाद गिरी र बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत अनुपमा खुजेलीले सहमत पत्रमा हस्ताक्षर गरे ।



कार्यक्रममा बोल्दै महासंघका अध्यक्ष गिरीले सहमतिले तल्लो तहका उद्यमीहरुसम्म वित्तीय पहुँच पुर्‍याउन सहज हुने बताए । बैंककी प्रमुख कार्यकारी अधिकृत खुजेलीले सम्झौताबाट लघु, घरेलु तथा साना उद्योगी लाभान्वित हुने अपेक्षा गरिन् । महासंघ र बैंकबीच भएको सम्झौता अनुसार १० थरीका सहुलियत कर्जा र नियमित कर्जाहरू वितरण गरिने सम्झौतापत्रमा उल्लेख छ ।

सम्झौता कार्यक्रममा महासंघको तर्फबाट वरिष्ठ उपाध्यक्ष उमेश प्रसाद सिंह र कोषाध्यक्ष सत्यनारायण प्रजापतिको उपस्थिति रहेको थियो । बैकको तर्फबाट अमित श्रेष्ठ, जनक भट्टराई, पुण्यप्रसाद खनियाँ र रूकमणी महर्जनको उपस्थिति रहेको थियो ।

# नाडाको ४५ औं वार्षिक साधारणसभा तथा निर्वाचन स्थगित

**काठमाडौं/मस–** नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपालको ४५औं वार्षिक साधारण सभा तथा २१औं निर्वाचन स्थगित भएको छ । साउन १५ गते बसेका नाडाको केन्द्रीय कार्य समितिको १३औं बैठकले नाडाको वार्षिक साधारण सभा तथा निर्वाचन भदौ २५ गते गर्ने निर्णय गरिएको थियो ।

कोरोना संक्रमणको दर बढ्दै गएको र तेस्रो लहर समेत आउन सक्ने खतराको कारण सभा तथा निर्वाचन स्थगित गरिएको नाडाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । साथै काठमाडौं जिल्ला प्रशासन कार्यालयले पनि सभा र सम्मेलन नगर्न सार्वजनिक सूचना जारी गरेको छ ।


नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
भेडा तथा बाख्रा अनुसन्धान कार्यक्रम
गुठीचौर, जुम्ला

**शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७८।०४।२८

यस कार्यक्रमको आ.व. २०७८।७९ मा भेडा तथा बाख्राकोलागि तयारी दाना शिलबन्दी दरभाउपत्रमार्फत खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त उत्पादक तथा अधिकृत बिक्रेता फर्महरुबाट निम्नलिखित सर्तहरुको अधिनमा रहि शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

१. यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र नगद रु १,०००।०० फिर्ता नहुने गरि भेडा तथा बाख्रा अनुसन्धान कार्यक्रम गुठिचौर जुम्ला बाट खरिद गर्न र १६ औं दिनको १२ बजे सम्ममा फर्मको छाप लगाई सिलबन्दी लाह छाप गरि पेश गर्नु पर्नेछ र दिनको १४:०० बजे खोलिने छ साथै दरभाउपत्र बुझाउने अन्तीम दिन बिदा परेमा अफिस खुलेको दिन सोहि बमोजिम हुनेछ हार्डकपि बाहेकलाइ मान्यता दिइने छैन ।

२. दरभाउपत्र खरिद तथा पेश गर्दा चालु आ.व.को नविकरण भएको इजाजत पत्र, आयकर मु.अ.कर प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, २०७६।७७ सालको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्ने छ ।

३. बिड बन्ड रकम यस कार्यलयको रा.वा. बैंक जुम्लामा रहेको धरौटि खाता नं. ४०३०१००१०२०३०००० कार्यलय कोड नं ३१२४१६२०४ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल सरकारको कुनै पनि मान्यता प्राप्त वाणिज्य बैंक बाट यस कार्यक्रमको नाममा जारी गरिएको कम्तिमा ७५ दिन म्याद भएको (अन्तीम दर्ता मितिबाट) बैंक जमानत संलग्न गरी पेश गर्नु पर्ने छ ।

४. थप जानकारिको लागि कार्यलय समय भित्र कार्यलयमा वा ९८४७६६३३१७ मा सम्पर्क गर्न सकिने छ ।

| सि.नं. | कामको विवरण | दरभाउपत्र जमानत रकम रु | दरभाउपत्र खरीद दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| SGRP/SQB /01-078/79 | भेडा तथा बाख्राको तयारी दाना | ५५०००।०० | १०००।०० | |



**अधिकतमा खुद्रा बिक्री मुल्य (MRP) प्रकाशनको सूचना**

यस N & N Suppliers कम्पनीले China बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | मालवस्तुको विवरण | आकार/ प्रकार | मोडल | ब्राण्ड | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | इकाई | प्रति इकाई मुल्य | अधिकतम खुद्रा इकाई मुल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Range Hood | - | Y1-1 Push Button) | - | - | China | 100 | Nrs.4186.00 | Nrs.9765.00 | |
| 2 | Range Hood | - | Y-H5 Baffil Filter) | - | - | China | 100 | Nrs.4784.00 | Nrs.10,545.00 | |
| 3 | Range Hood | - | YT-012 Baffle Filter) | - | - | China | 60 | Nrs.5621.20 | Nrs.11,640.00 | |
| 4 | Range Hood | - | Y-C1 Touch Baffle Filter | - | - | China | 75 | Nrs.6936.80 | Nrs.13,360.00 | |

**N & N Suppliers, Ekantakuna, Lalitpur** **Exim Code: 6027629640142NP, Tel No: 9851086862**



**म्याग्दे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**छाङ्ग, तनहुँ**
**गण्डकी प्रदेश, नेपाल**

**औषधी तथा सर्जिकल सामान खरिद कार्यको विद्युतिय माध्मबाट दरभाउपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७८/०४/२८**

१. यस कार्यालयबाट निःशुल्क वितरण गर्न औषधी तथा सर्जिकल सामानहरु शिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नु परेकोले ई–विडिङ्ग मार्फत दरभाउपत्र आह्वान गरिएको छ। दरभाउपत्र फारम २०७८।०५।११ गते दिनको १२:०० बजेसम्म PPMO's को website http://www.bolpatra.gov.np बाट Download गर्न सकिनेछ । दरभाउपत्र खरिद वापतको दस्तुर यस कार्यालयको लक्ष्मी बैंक लि., थर्पु शाखामा रहेको खाता नं.: ग. १. १ :०७८०३०००१३० मा जम्मा रकम रु. एक हजार रुँपैया मात्र जम्मा गरि बैंक भौचर पेश गर्नुपर्नेछ । दरभाउपत्रहरु २०७८।०५।११ गते दिनको १:०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । बोलपत्र दाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन । बोलपत्र पेश गर्दा चालु आ.ब.को लागि नवीकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, औषधी ब्यवसायी प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७६/७७ को कर चुक्ता प्रमाणपत्र समेतको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

२. बोलपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्कै नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

३. बोलपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम म्याग्दे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, छाङ, तनहुँको लक्ष्मी बैंक लिमिटेड, थर्पु शाखमा रहेको धरौटी खाता नं. ग. ३ : ०७८०३०००१०९ मा जम्मा गरेको भौचर वा (क) बर्गको बैकबाट जारी भएको र बोलपत्र खुल्ने मितिबाट ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ । विदेशी बैंकको Bank Guarantee भएमा नेपाली बैंकबाट Endorse भएको हुनु पर्नेछ । स्वीकृत बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशतभन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्क पाँच प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत बापतको रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सोही अनुसार यस कार्यालयको नाममा जारी भएको परफरमेन्स वण्ड संझौता गर्नु अगावै पेश गर्नु पर्नेछ । नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइने छैन ।

४. बोलपत्र स्वीकृत हुँदा प्याकेजको रुपमा वा आइटम वाईज दर स्वीकृत गर्न सकिनेछ । बोलपत्रदाताले बोलपत्रको आइटम वाइज बिडिङ्ग गर्नु पर्नेछ । संझौता हुँदा औषधीको परिमाणमा थपघट हुन सक्नेछ । साथै बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. बोलपत्र साथ आपूर्ति गर्ने औषधीहरु WHO/GMP Certify Company बाट उत्पादित भएको नविकरण गरिएको प्रमाण पत्र, Surgical Items को हकमा नविकरण गरिएको ISO प्रमाण पत्र र अन्य कुराको हकमा प्राबिधिक प्रस्तावमा तोके बमोजिमको कागजातहरुको प्रमाणित प्रतिलिपिहरु अनिवार्यरुपमा पेस गर्नुपर्नेछ ।

६. सुई, धुलो र झोल औषधी बाहेक संर्पूण औषधीहरु Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ । बोतलमा आपूर्ति हुने सबै औषधीहरु प्लाष्टिक बोतलमा हुनु पर्नेछ ।

७. कार्यालय हाता सम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्र दाताले नै ब्यहोर्नु पर्नेछ ।

८. आपूर्ति हुने औषधीको Expiry Date स्टोर दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ । तर कुनै औषधीको Expiry Date १८ महिना भन्दा कम हुने अबस्थामा कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ ।

९. सप्लाई हुने औषधी तथा अन्य सामानको प्रत्येक Strips/lebeling र प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नम्बर र नेपाल सरकार द्वारा निःशुल्क बितरणको लागि भन्ने बाक्याँश उल्लेख भएको हुनुपर्नेछ ।

१०. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार बोलपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

११. बिदेशी औषधीको हकमा औषधी व्यवस्था बिभागको पैठारी सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ ।

१२. बोलपत्रदाताले उपलब्ध गराउने औषधी स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित बोलपत्र प्रयोजनको लागि जारी गरेको सक्कल अधिकार पत्र (Authorization letter) र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै अधिकार पत्र पेश गर्नु पर्नेछ ।

१३. एक आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको पाईएमा त्यस्तो बोलपत्र स्विकृत गरीने छैन ।

१४. बोलपत्र फारममा रकम उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ ।

१५. बोलपत्रको प्रत्येक पानामा बोलपत्रदाताको आधिकारिक व्यक्तिको सही र छाप अनिबार्य रुपमा लागेको हुनुपर्नेछ । साथै बोलपत्रदाताले पेश गर्ने सम्पूर्ण प्रमाणपत्रहरु नविकरण भएको हुनुपर्ने र नोटरी पब्लिकबाट अनिवार्यरुपमा प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

१६. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ । बिस्तृत जानकारीको लागी म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, छाङ्ग, तनहुँमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| सि.नं | ठेक्का नं. | बिबरण | लागत अनुमान (मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ११–२०७८/०७९ | औषधी तथा सर्जिकल सामानहरु खरिद | रु. १२,९९,९९९.९२/– (बाह्र लाख उनन्सय हजार नौ सय उनन्सय रुँपैया वयानव्वे पैसा मात्र) | रु. ३२,५००/– (बत्तिस हजार पााच सय रुपैयाँ मात्र) | रु. १,०००.०० (एक हजार रुपैयाँ मात्र ) | |

**प्रमुख प्रशासकीय अधिकृत**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**